थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

मिति २०८०/०६/३० गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री असिम राई ज्यूको अध्यक्षतमा बसेको कार्यपालिका बैठकमा निम्न उपस्थिति बिच तपशिलका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | असिम राई | अध्यक्ष | | ९८५१०३८२९१ |
| २ | सविता राई | उपाध्यक्ष | | ९८६३९१००३४ |
| ३ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ४ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८११८१५४०४ |
| ५ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ६ | विकास भारती | ४ नं. वडा का.वा. अध्यक्ष | | ९८४२९३६४५२ |
| ७ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४४९५२५५ |
| ८ | महेन्द्र राज राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ९ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| १० | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| ११ | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| १२ | बुद्धिराज राई | कार्यपालिका सद्स्य | | ९८६१०६५७५८ |
| १३ | डिल्ली वि.क. | कार्यपालिका सद्स्य | | ९८६०६३४७७७ |
| १४ | सरिता राई | कार्यपालिका सद्स्य | | ९८६२४२२३५० |
| १५ | तमुना राई | कार्यपालिका सद्स्य | | ९८४१९४३८६२ |
| १६ | तारा देवी श्रेष्ठ | कार्यपालिका सद्स्य | | ९८६२१२३५३१ |
| १७ | सर्मिला हिङमाङ | कार्यपालिका सद्स्य | | ९७४५२७४३४० |

थुलुङ दुधकोशी गाउँ कार्यपालिकाको कार्यालय मुक्ली, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १८ | खरिधन राई | नि.प्रमुख प्रशासकिय अधिकृत | (हस्ताक्षर) | ९८५२८२००३६ |

<u>प्रस्तावहरु</u>

१. समिक्षा सम्बन्धमा ।

२. आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा ।

३. आधारभूत स्वास्थ्य सम्बन्धमा ।

४. खानेतेल प्रतिष्थापन सम्बन्धमा ।

निर्णयहरु,

१. यस थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८० भाद्र ३१ मा भएको कार्यपालिकाको वैठकले गरेका निर्णयकहरुको तपशिल वमोजिम कार्यान्वयन भएको समिक्षा गरियो ।

क) सबै निर्णयहरुको कार्यान्वयन हुँदै गरेको ।

२. गाउँपालिकाको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने र शैक्षिक सुधारमा शिक्षक, अभिभावक, विद्यार्थी तथा सरोकारवाला सवैको सहभागिताको लागि सवै वडाहरुमा प्रत्येक २ महिनामा महिनाको पहिलो शुक्रवार वडा शिक्षा समितिको वैठक राखी वैठकको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने र हरेक ३ महिनामा शिक्षक अभिभावक भेला गर्ने कार्य प्रत्येक वडा समितिले गर्ने निर्णय पारित गरियो । साथै गाउँपालिकाभित्रका विभिन्न विद्यालयहरुलाई आवश्यकता अनुसार एकीकृत (मर्ज) गर्नको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो;

क) गाउँपालिका उपाध्यक्ष श्री सविता राई – संयोजक

ख) सामाजिक विकास समिति संयोजक तथा कार्यपालिका सदस्य श्री बुद्धिराज राई – सदस्य

ग) २ नं. वडा अध्यक्ष श्री युजन वस्नेत – सदस्य

घ) ३ नं. वडा अध्यक्ष श्री इन्द्रमणी दाहाल – सदस्य

ङ) ५ नं. वडा अध्यक्ष श्री चन्द्र कुमार राई – सदस्य

च) ६ नं. वडा अध्यक्ष श्री महेन्द्र राज राई – सदस्य

छ) ७ नं. वडा अध्यक्ष श्री भोजराज कार्की – सदस्य

ज) ९ नं. वडा अध्यक्ष श्री सन कुमार तामाङ – सदस्य

झ) शिक्षा अधिकृत श्री गणेश बहादुर गुर्धामी – सदस्य सचिव

३. यस गाउँपालिकाको प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको गाउँघर क्लिनिक लगायतका स्वास्थ्य सेवाहरुको नियमितता र प्रभावकारिताको लागि सम्बन्धित वडा समितिले अनुगमण गर्ने निर्णय गरियो । साथै गाउँपालिका स्तरीय अनुगमण सामाजिक विकास समिति अन्तर्गत गर्ने निर्णय गरियो ।

४. यस थुलुङ दुधकोशी गाउँपालिकाले बाह्य उत्पादन भएको प्याकेटको तेल प्रतिष्थापन गर्ने नीति कार्यान्वयनको लागि गाउँपालिकाको हरेक वडामा अनिवार्य तोरी उत्पादन गर्न गराउनको प्रत्येक वडा समितिले नीतिगत र कार्यगत व्यवस्था गर्नुपर्ने निर्णय पारित गरियो ।